# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : १०/२०८०-८१

मितिः २०८१/०१/०४

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

**विषय : एकीकृत परिपत्र-२०८० मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८० मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१) एकीकृत इ.प्रा. परिपत्रः १०/२०८० मा देहायबमोजिम दफा ६, ७ र ८ थप गरिएको छ :

६. विभिन्न शान्ति मिशनमा खटिने नेपाली सेनाको हकमा त्यस्तो मिशनको लागि आवश्यक पर्ने वस्तु तथा सेवा नेपाल नभित्र्याई सीधै सम्बन्धित शान्ति मिशन रहेको मुलुकमा पठाउने प्रयोजनको लागि नेपालको भन्सार कार्यालयलाई वि.वि.नि.फा.नं. ४/४(ग) जारी नगरी देहायबमोजिमका शर्तहरुको पालना हुने गरी प्रतीतपत्र खोल्न सकिने व्यवस्था गरिएको छ :

(१) वस्तु तथा सेवा खरिद गर्ने सम्बन्धमा नेपाल सरकारको अख्तियारप्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि ।
(२) उल्लिखित प्रतीतपत्र खोल्ने सम्बन्धमा अख्तियारप्राप्त अधिकारीबाट भएको निर्णयको प्रतिलिपि ।
(३) विदेशी विनिमय सम्बन्धी प्रचलित कानुनी व्यवस्थाहरु र अन्य प्रचलित कानुनी व्यवस्थाहरु पालना भएको/हुने सम्बन्धमा नेपाली सेना, जंगी अड्डाको स्वःघोषणा ।
(४) यस्तो कारोबारबाट विदेशी विनिमय अपचलन नहुने स्वःघोषणा । साथै, अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने सम्बन्धमा नेपाली सेना, जंगी अड्डाको स्वःघोषणा ।
(५) प्रतीतपत्र सम्बन्धी अन्य प्रचलित व्यवस्थाहरुको पालना हुनु पर्ने ।

७. सम्बन्धित वस्तु भित्रिएको निस्सा सहित उक्त मुलुकको लागि सो सामानको बीमा गरिएको कागजात, सिपिङ्ग डकुमेण्टको कागजात लगायतको प्रमाणित प्रति समेत प्रतीतपत्र खोल्ने बैंकले माग गरी फाइलमा सुरक्षित राख्नु पर्नेछ ।

८. दफा ६ अन्तर्गतको प्रतीतपत्रमार्फत भुक्तानी भएको रकम नेपालमा शोधभर्ना प्राप्त हुने भएमा शोधभर्ना प्राप्त भएको निस्सा समेत सम्बन्धित फाइलमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

भवदीय,

२०८१/०१/०४

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

४) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१२) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३) श्री नेपाल उद्योग परिसंघ ।
१४) श्री नेपाल चेम्बर अफ कमर्स ।
१५) श्री नेपाल बैंकर्स संघ ।
१६) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१७) श्री वित्तीय संस्था संघ ।
१८) श्री लघुवित्त बैंकर्स संघ ।